# दरै जातिको आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा पारेको प्रभाव

(तनहूँ जिल्लाको गजरकोट गा.वि.स. वडा नं. ५ को समाजशास्त्रीय अध्ययन)

**शोध–पत्र**

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत**

**पृथ्वीनारायण बहुमुखी क्याम्पस, समाजशास्त्र/मानवशास्त्र विभाग**

**स्नातकोत्तर तह द्वितीय वर्षको आठौं पत्रको**

**प्रयोजनको लागि**

**प्रस्तुत**


**शोधार्थी**

**केशवराज वाग्ले**

**रोल नं. १२३/०६३**

**रजिष्ट्रेसन नं. १७४२२–८८**

**समाजशास्त्र/मानवशास्त्र विभाग**

**पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा**


**२०६८**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पस, मानविकी सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका निम्ति शोधार्थी छात्र श्री केशवराज वाग्लेद्वारा **"दरै जातिको आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा पारेको प्रभावः तनहूँ जिल्लाको गजरकोट गा.वि.स. वडा नं. ५ को समाजशास्त्रीय अध्ययन"** विषयमा यो शोधपत्र तयार पार्नु भएको हो । तनहूँ जिल्ला गजरकोट गा.वि.स. वडा नं. ५ दर्रै गाउँका दरै जातिको स्थलगत अध्ययन गरेर तयार पारिएको यो शोधपत्र सम्बन्धी उहाँको कार्यप्रति म सन्तुष्ट छु र प्रस्तुत शोधलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

**मिति – २०६८ ज्येष्ठ**

(तेजप्रसाद सुवेदी)
**शिक्षण सहायक**
शोध निर्देशक

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय समाजशास्त्र/ मानवशास्त्र विभागका श्री केशवराज वाग्लेले समाजशास्त्रतर्फको आठौं पत्रको प्रयोजनका लागि यस विभागमा प्रस्तुत गर्नुभएको **"दरै जातिको आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा पारेको प्रभावः** तनहूँ **जिल्लाको गजरकोट गा.वि.स. वडा नं. ५ को समाजशास्त्रीय अध्ययन"** विषयक शोधपत्र मूल्याङ्कन समितिबाट समाजशास्त्रको स्नातकोत्तर उपाधिका लागि उचित ठहऱ्याइएकाले स्वीकृति प्रदान गरिएको छ ।

मूल्याङ्कन समिति

______________________

(तेजप्रसाद सुवेदी)
**शिक्षण सहायक**
शोध निर्देशक

______________________

(डा. लेखनाथ भट्टराई)
**सह–प्राध्यापक**
बाह्य परीक्षक

______________________

(शान्ति भुसाल)
**उप–प्राध्यापक**
विभागीय प्रमुख

मिति :- २०६८ ज्येष्ठ

## भाषा सम्पादकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय पृथ्वीनारायण क्याम्पसअन्तर्गत स्नातकोत्तर तह समाजशास्त्र/मानवशास्त्र विभाग, दोस्रो वर्षको आठौं पत्रको प्रयोजनका लागि समूह २०५९ क्रमाङ्क ४४३ का विद्यार्थी श्री केशवराज वाग्लेले निकै परिश्रमपूर्वक तयार पार्नुभएको "दरै जातिको आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा पारेको प्रभावः **तनहूँ जिल्लाको गजरकोट गा.वि.स. वडा नं. ५ को समाजशास्त्रीय अध्ययन**" विषयक प्रस्तुत शोधपत्र भाषिक दृष्टिकोणले राम्रो रहेको कुरा प्रमाणित गर्दछु ।

**मितिः** २०६८ **ज्येष्ठ**

(चूडामणि खनाल)
**सह–प्राध्यापक**
भाषा सम्पादक, नेपाली विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

# कृतज्ञताज्ञापन

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक राष्ट्र हो । यहाँका सबै जातिले राष्ट्रिय सेवा सुविधा उपभोग समान रूपले प्राप्त गर्न सकिरहेका छैनन् । त्यसैले उनिहरूले गणतन्त्रको स्थापनासँगै समतामूलक समाजको निर्माण र जातीय उत्थानको नारालाई बढी जोड दिइरहेका छन् । तर पनि राज्यका विभिन्न भागमा बसोबास गर्ने विभिन्न जात जातिहरूको सामाजिक आर्थिक अवस्था अत्यन्त दयनीय रहेको भेटिन्छ । शोधकर्ता स्वयं तनहूँको दक्षिण पश्चिम दुर्गम भेगमा शिक्षण पेशामा संलग्न रहेको र विगत १०-१५ वर्ष देखि सोही दरै समुदायको समीपमा रहेर उनीहरूको आर्थिक, शैक्षिक गतिविधिलाई नजीकैबाट नियालिरहेको हुँदा उक्त दरै जातिको शैक्षिक अवस्था कमजोर हुनामा आर्थिक पक्ष प्रमुख हुनसक्ने ठानी शोध शीर्षक छनौट गरी अध्ययन गर्ने मेरो प्रयासलाई प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने आदरणीय गुरुज्यूहरू, अग्रजहरू, सहकर्मीहरू, साथीहरू र मेरा समस्त शुभचिन्तकहरू प्रति म आभार व्यक्त गर्न चाहन्छु, किन भने उहाँहरू लगायतका मित्रहरूबाट प्राप्त सहयोगले नै यस शोधपत्रले यो स्वरूप प्राप्त गर्न सकेको छ ।

यस शोधकार्यलाई सुव्यवस्थित गरी लक्ष्य प्राप्तितर्फ डोऱ्याउन आवश्यक अनुसन्धानका समग्र विधि, प्रक्रिया एवं न्यूनतम मूल्य मान्यताबाट निर्देशित रहेर कार्य क्षेत्रमा लागि पर्न र शोधपत्रलाई मूर्तरूप दिनाका साथै विलम्ब हुनबाट हर्दम सचेत बनाउने, हौसला र प्रेरणाका अनन्त ऊर्जाका स्रोत श्रद्धेय गुरु शोधनिर्देशक तेजप्रसाद सुवेदीज्यूकै उत्प्रेरणाको प्रतिबिम्ब यस शोध पत्रमा निहित रहेको छ । भिन्न प्रकृतिबाट र शैलीबाट शोध कार्यलाई यस अवस्थासम्म ल्याउन वहाँको सबल, सक्षम र ओजपूर्ण निर्देशनको सहयोग नै मुख्य कारण बनेको छ । यसका निम्ति म उहाँको मुक्तकण्ठले प्रशंसा गर्दै हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु । साथै यस शोधकार्यको आदि-अन्त्य सम्ममा विभिन्न पक्षबाट सहयोग गर्नु हुने विभागीय प्रमुख आदरणीय शान्ति भुसालज्यू र सिङ्गो समाजशास्त्र तथा मानवशास्त्र विभागप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अनुसन्धानका क्रममा आवश्यक तथ्याङ्क सङ्कलनका लागि घर दैलो भेटघाटको माध्यमबाट उल्लेख्य सहयोग पुऱ्याउने मेरा, आदरणीय प्र.अ. ध्रुवराज सिग्देल, शिक्षक स्टाफ

तोयानाथ सुवेदी, गुरूप्रसाद पौडेल, पद्मराज सिग्देल, पवनकुमार शाह लगायतका सम्पूर्ण साथीहरूको अनन्य सहयोगका निम्ति धन्यवाद नदिइरहन सक्दिनँ ।

शोधका कार्यको लागि आवश्यक द्वितीय तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने गजरकोट गा.वि.स.सचिव बलराम गैह्रेज्यू, जि.वि.स.का कर्मचारी मीनबहादुर थापा, श्री कृष्ण उ.मा.वि.का सबै शिक्षकस्टाफ विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

अनुसन्धानको जग तथ्याङ्क सङ्कलनका क्रममा मेरा जिज्ञासा, प्रश्नावलीमा विना कुनै झन्झट विना सङ्कोच, कुशलतापूर्वक प्रतिक्रिया दिई शोधकार्यलाई सफल बनाउन आफ्नो अमूल्य समय प्रदान गर्ने सम्पूर्ण उत्तरदाता, सूचनादाता, समूह छलफलमा प्रतिनिधि भई सहभागी हुने सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

अनुसन्धानको समग्र कार्यलाई लिपिबद्ध गर्न आवश्यक कम्प्यूटर टाइपिङ तथा छपाइका कार्यमा कुशलतापूर्वक सहयोग गर्नुहुने क्विक कम्प्यूटर सर्भिस एण्ड फोटोकपि हाउस पोखरा-१, बगरप्रति हृदयदेखिनै धन्यवाद टक्र्याउन चाहन्छु । शोधकार्यका लागि उपयुक्त समयको चाँजोपाँजो मिलाएर अनुकूल वातावरण प्रदान गरी आवश्यक सहयोग गर्ने जीवनसँगिनी निर्मला वाग्ले छोरी सगुन, सुधा र छोरा निकेश, धन्यवादका पात्र छन् ।

अन्त्यमा यस शोधकार्यलाई प्रत्यक्ष/अप्रत्यक्ष रूपमा विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने गुरु, शिक्षकस्टाफ तथा सम्पूर्ण शुभचिन्तकहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**२०६८ ज्येष्ठ** केशवराज वाग्ले

# शोध सार


समाजशास्त्रीय अध्ययनहरूका 'जनजीवन' अध्ययनसँग धेरै प्रकृतिका अध्ययन अनुसन्धानहरू भैसकेका छन् तापनि विशेष गरी यस अध्ययन क्षेत्रका दरैहरूको बारेमा खास कुनै प्रकारका अध्ययन हुन नसकेको र त्यसमा पनि शिक्षाको पहुँच क्षेत्रभित्र रहेको दरैहरूको शैक्षिक अवस्था कमजोर छ । उनीहरू शिक्षामा पछाडि परेकै कारण राज्यको कुनै पनि तह र क्षेत्रमा रोजगारीमा संलग्न छैनन्, साक्षरता हासिल गरेकाहरूको पनि स्तर कमसल र टिकाउ छैन । विभिन्न कारणहरूमध्येबाट आर्थिक कारण कुन हदसम्म जिम्मेवार छ अर्थात् यसो हुनुमा मुख्य कारण आर्थिक अवस्था नै हुन सक्दछ भन्ने ठहरका साथ अनुसन्धानात्मक कार्यलाई अगाडि बढाइएको छ । यस शोध कार्यले निम्न उद्देश्यहरू पूरा गरेको छ ।

१. अध्ययन क्षेत्रभित्रका दरै जातिहरूको शैक्षिक अवस्थाको साथै अन्य सामाजिक पक्षको अध्ययन गरिएको छ ।

२. अध्ययन क्षेत्रभित्रका दरैहरूको समग्र आर्थिक पक्षको अध्ययन गरिएको छ ।

३. अध्ययन क्षेत्रभित्रका दरैहरूको आर्थिक अवस्थाले शिक्षामा पारेको प्रभावबारे अध्ययन गरी आवश्यक सुझावहरू पेश गरिएको छ ।

यस शोधकार्यमा कुनै एउटा जातिविशेषको आर्थिक  र शैक्षिकका साथै अन्य सामाजिक, साँस्कृतिक पक्षहरूलाई एक अर्कोसँग सम्बन्धित र तुलनात्मक अध्ययन गरी यथार्थतामा पुग्न, समय, बजेट र मानव श्रम साधनको सिमीततालाई पनि मध्यनजर गर्दै मानव जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने, आर्थिक अवस्थालाई शैक्षिक जीवनसँग सम्बन्धित गराएर अध्ययन गर्नु मुख्य विषय प्रस्तुत गरिएको छ ।

अनुसन्धानात्मक तथा विश्लेषणात्मक ढाँचाको प्रयोग शोध कार्यको विधि र विशेषता हो । यो अध्ययन क्षेत्रगतरूपले विविधता र असीमितता भए तापनि औचित्य र सन्दर्भका दृष्टिले गजरकोट गा.वि.स.को वडा नं. ५ दरैगाउँमा सिमीत गरिएको छ । अध्ययन क्षेत्रमा ४२ घरधूरी दरै वस्ती रहेकाले समग्रको अध्ययन गर्ने गरी ४२ घरलाई नै समावेश गरिएको छ । अध्ययनको क्रममा ७ महिला तथा ३५ पुरुषहरू उत्तरदाताका रूपमा समावेश गरिएका छन् । तथ्याङ्क सङ्कलनमा घरमूलीसँग सूचना सङ्कलन गर्नु अन्तरवार्ता सुची र समूहबाट सुचना लिन रुजुरुचीको प्रयोग भएका छन् । यसबाट गुणात्मक र सङख्यात्मक तथ्याङ्कहरू, प्राथमिक तथ्याङ्कका रूपमा प्राप्त भएका छन् । साथै, गा.वि.स., जि.वि.स. र विद्यालयहरू बाट पनि केही द्वितीय खालका तथ्याङ्कहरू लिइएका छन् । सङख्यात्मक रूपमा प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण गरी आवश्यकताअनुसार ग्राफमा पनि देखाइएको छ साथै अनुसन्धान कार्यलाई बढी विश्लेषणात्मक र यथार्थताको नजिक पुऱ्याउन केही घटना अध्ययन कार्य पनि सम्पन्न गरिएको छ ।

**अध्ययनको निष्कर्ष**

अध्ययनबाट प्राप्त महत्त्वपूर्ण सार कुराहरू बुँदाको  निष्कर्षका रूपमा निम्नानुसार छन्:

- दरैजातिहरूको वस्ती विद्यालय सेवा क्षेत्र भित्र रहेको छ ।
- दरैहरूको अघिल्लो पुस्ता पूरै निरक्षर छ ।
- वर्तमान अवस्थामा रहेको कतिपय प्रौढ साक्षरताबाट साक्षर सङ्ख्या दिगो र टिकाउ छैन ।
- दरैहरूको लागि स्कूलमा पढाउन लाग्ने खर्च समस्या नभई घरको देनिक खर्च आर्जन नै ठूलो समस्या हो ।
- पुर्ख्यौलि रूपबाट राम्रो आर्थिक अवस्था भएका केही परिवारको शिक्षाको अवस्था र स्तर पनि राम्रो छ ।
- घरको खर्च धान्न ज्यालादारी गर्नु परेकाले सामान्य साक्षर भएपछि पढाइ (विद्यालय) छाड्नेको सङ्ख्या ज्यादा छ ।
- नियमित कक्षामा उपस्थित हुन नसक्दा फेल हुने क्रम दोहोरिनु र ठूलो उमेरमा सानो कक्षामा पढ्नु पर्दा अप्ठ्यारो महसूस भई पढाइ छाड्ने दर वढ्नु ।
- केही शिक्षित युवाहरूले विदेशमा गएर पनि राम्रो कमाइ गरेकाले आफ्ना केटाकेटीहरूलाई बोर्डिङको शिक्षा दिने थालेका छन् ।
- आर्थिक अवस्था कमजोर मानिएका र राम्रो मानिएका दुवै खाले परिवारको साक्षरता स्थिति हेर्दा कमजोर परिवारको स्तर नाजुक र राम्रो परिवारको स्तर राम्रो भेटियो । (घटना अध्ययनबाट)

सुझावहरू:

- दरै वस्तीमा आयपूलक, व्यावसायिक उन्नत कृषि पेशामा जोड दिनुपर्ने ।
- न्यूनतम १५ वर्ष सम्मको पढ्ने उमेरलाई घरायसी कार्य र ज्यामी ज्यालामा लगाउनु नहुने ।
- फजूल खर्ची व्यवहार र संस्कृतिमा सुधार गर्नुपर्ने ।
- घरेलु उद्यम र महिला सीपमूलक तालिम मार्फत आयआर्जन बढाइनु पर्ने ।
- जातीय उत्थान, आर्थिक सबलीकरणको विशेष कार्यक्रम ल्याउनु पर्ने ।
- शिक्षा नै आर्थिक सुधारको पूर्वाधार हो भन्ने कुरामा सचेतना बढाउनु पर्ने ।

# विषय सूची


| | |
|---|---|
| **सिफारिस पत्र** | i |
| **स्वीकृति पत्र** | ii |
| **भाषासम्पादकको सिफारिस** | iii |
| **कृतज्ञता ज्ञापन** | iv |
| **शोधसार** | vi |
| **विषयसूची** | viii |
| **तालिकासूची** | xi |
| **चित्रसूची** | xii |
| | **पृष्ठ** |
| अध्याय एक : परिचय | १-८ |
| १.१ परिचय | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनका उद्देश्यहरू | ४ |
| १.४ अध्ययनको महत्त्व | ५ |
| १.५ अध्ययनको सीमा | ५ |
| १.६ अवधारणात्मक खाका | ६ |
| १.७ सङ्गठनात्मक ढाँचा | ७ |
| अध्याय दुई : सन्दर्भ साहित्यको पुनरावलोकन | ९-१९ |
| २.१ ऐतिहासिक पृष्ठभूमि | ९ |
| २.२ नेपालका आदिवासी जनजातिमा दरै | १२ |
| २.३ दरै जातिसँग सम्बन्धित पूर्व साहित्यिक अध्ययनको समीक्षा | १४ |
| २.३.१ शैक्षिक पक्ष | १४ |
| २.३.२ आर्थिक पक्ष | १६ |
| २.३.३ साँस्कृतिक पक्ष | १७ |

| | | |
|---|---|---|
| अध्याय तीन : अध्ययन विधि | | २०-२३ |
| ३.१ | अनुसन्धानात्मक ढाँचा | २० |
| ३.२ | अध्ययन क्षेत्र छनौट | २० |
| ३.३ | समग्रता वा नमूना छनौट | २० |
| ३.४ | तथ्याङ्कका स्रोतहरू | २१ |
| ३.५ | तथ्याङ्कको प्रकृति | २१ |
| ३.६ | तथ्याङ्क सङ्कलन विधि | २१ |
| | ३.६.१ प्राथमिक स्रोतको तथ्याङ्क सङ्कलन | २२ |
| | ३.६.२ द्वितीय स्रोतको तथ्याङ्क सङ्कलन | २३ |
| ३.७ | तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण | २३ |
| अध्याय चार : अध्ययन क्षेत्रको संक्षिप्त परिचय र शैक्षिक (सामाजिक, साँस्कृतिक) अवस्था | | २४-४२ |
| ४.१ | दरै गाउँको संक्षिप्त परिचय | २४ |
| ४.२ | भौगोलिक पृष्ठभूमि (क्षेत्रफल तथा भू-उपयोग) | २५ |
| ४.३ | जनसङ्ख्या विवरण (वडागत) | २६ |
| ४.४ | सामाजिक तथा साँस्कृतिक अवस्था | २७ |
| | ४.४.१ जन्म | २८ |
| | ४.४.२ विवाह | २८ |
| | ४.४.३ मृत्यु संस्कार | २९ |
| | ४.४.४ परिवार प्रथा | ३० |
| | ४.४.५ थर गोत्र विभाजन | ३१ |
| | ४.४.६ भाषा | ३२ |
| | ४.४.७ धर्म र देवता | ३२ |
| | ४.४.८ चाड पर्व र मनोरञ्जन | ३३ |
| | ४.४.९ स्वास्थ्य तथा खानेपानी | ३३ |
| ४.५ | दरै जातिको शैक्षिक अवस्था | ३५ |
| | ४.५.१ घरमूलीको साक्षरता अवस्था | ३६ |

४.५.२ दरै जातिको साक्षरता अवस्था ३७
४.५.३ हालसम्मको शैक्षिक अवस्थाको विश्लेषण (तहगत रूपमा) ३७
४.५.४ सरकारी तथा निजी विद्यालयको भर्ना अभिलेख २०६७ को विवरण ३८
४.५.५ दरै जातिको शैक्षिक अवस्थाबारे समूहगत धारणा ४०

अध्याय पाँच : दरै जातिको आर्थिक अवस्था ४३-५१
५.१ कृषि ४३
५.२ पशुपालन ४७
५.३ व्यापार ४८
५.४ उद्योग धन्दा ४९
५.५ नोकरी ५०

अध्याय छ : दरै जातिको आर्थिक अवस्थाले शैक्षिक क्षेत्रमा पारेको प्रभाव ५२-६६
६.१ आर्थिक/शैक्षिक पृष्ठभूमि ५२
६.२ स्थानीय परिवेशअनुसार गरीवीको अवस्था ५४
६.३ घटना अध्ययन ५८
६.३.१ घटना अध्ययन १ ५८
६.३.२ घटना अध्ययन नं. २ ६०
६.३.३ घटना अध्ययन नं. ३ ६२
६.३.४ घटना अध्ययन नं ४ ६४
६.३.५ घटना अध्ययन नं. ५ ६५

अध्याय ७ : सारांश, निष्कर्ष र सुझाव ६८-७३
७.१ सारांश ६८
७.२ निष्कर्ष ७०
७.३ सुझावहरू ७१

**सन्दर्भ सूची** ७३
**परिशिष्ट** ७४-७९

# तालिका सूची


| तालिका | | पृष्ठ |
|---|---|---|
| ४.१ | जनसाङ्ख्यिक विवरण | २६ |
| ४.२ | दरै जातिमा प्रचलित विवाह पद्धति | २९ |
| ४.३ | दरै भाषाको नेपाली र संस्कृत भाषासँगको सम्बन्ध | ३२ |
| ४.४ | शौचालयको सुविधा | ३४ |
| ४.५ | खानेपानीको सुविधा | ३४ |
| ४.६ | घरधुरी सर्वेक्षणमा घरमूलीको साक्षरता अवस्था | ३६ |
| ४.७ | उक्त दरै जातिको शिक्षाको अवस्था | ३७ |
| ४.८ | तहगत रूपमा दरै जातिले हासिल गरेको समग्र शैक्षिक अवस्था | ३८ |
| ४.९ | श्री कृष्ण उ.मा.वि.को दरै वालवालिकाको भर्ना अभिलेख - २०६७ को विवरण | ३९ |
| ४.१० | श्री कालीगण्डकी बोर्डिङ्गस्कूलमा भर्ना भएका दरै बाल बालिकाहरूको विवरण | ४० |
| ४.११ | स्थानीय सामाजिक सङ्घसंस्था वा समूहगत छलफलमा बुझाइमा दरै जातिको शैक्षिक अवस्था | ४१ |
| ५.१ | पेशागत विवरण | ४४ |
| ५.२ | जग्गाको वितरण | ४५ |
| ५.३ | आफ्नै उत्पादनले वर्षभरी खान पुग्ने स्थिति | ४६ |
| ५.४ | कृषि उपज | ४७ |
| ५.५ | अध्ययन क्षेत्रको पशुपालनको स्थिति | ४८ |
| ५.६ | ब्यापारको विवरण | ४८ |
| ५.७ | अध्ययन क्षेत्रमा घरेलु उद्यमको स्थिति | ५० |
| ५.८ | अध्ययन क्षेत्रका दरैहरूको वैदेशिक रोजगारीको अवस्था | ५१ |
| ६.१ | आर्थिक अवस्था राम्रो मानिएका दरै परिवारको शैक्षिक अवस्था | ५५ |
| ६.२ | आर्थिक रूपले कमजोर मानिएका दरै परिवारको शैक्षिक अवस्था | ५७ |

# चित्र सूची


| चित्र | | पृष्ठ |
|---|---|---|
| १.६ | अवधारणागत खाका | ७ |
| ४.३.१ | वडास्तरीय जनसङ्ख्या विवरण (स्तम्भ ग्राफ) | २७ |